**कार्यपालिका बैठक नं. ८ आ.व.२०८२- ०८३ (२०८२/११/२९)**

आज मिति २०८२/११/२९ गतेका दिन बिहान ८ : ०० बजेको समयमा आँबुखैरेनी गाउँपालिकाका अध्यक्ष श्री शुक्र चुमानज्युको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसियो।

**उपस्थिती**

| क्र.स. | पद | नामथर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | शुक्र चुमान | |
| २ | उपाध्यक्ष | दुर्गा अर्याल | |
| ३ | सदस्य | प्रेम बहादुर गुरुङ | |
| ४ | सदस्य | आस बहादुर गुरुङ | |
| ५ | सदस्य | दिनेश के.सी. | |
| ६ | सदस्य | मिलन भुजेल | |
| ७ | सदस्य | सन्तोष गुरुङ | |
| ८ | सदस्य | दिलिप गुरुङ | |
| ९ | सदस्य | बसुन्धरा गौली | वसुन्धरा |
| १० | सदस्य | सम्झना सुनार | |
| ११ | सदस्य | शुशिला नेपाली | |
| १२ | सदस्य | सुन कुमारी गुरुङ | |
| १३ | सदस्य | गंगा वि.क. | |
| १४ | सदस्य | भुगोल वि.क. | |
| १५ | सदस्य सचिव | शर्मिला अधिकारी | |
| १६ | प्रशा. सहायक | अपेक्षा [illegible] | |
| १७ | का. सहयोगी | विमला ढकाल | |

**कार्यपालिका वैठक नं. ८ आ.व.२०८२- ०८३ (२०८२/११/२९) का प्रस्तावहरु :**

१. समीक्षा सम्बन्धमा ।

२. ठेक्काहरुको म्याद थप सम्बन्धमा ।

३. सामुदायिक विद्यालयमा शिक्षा सुधार कार्यक्रम सम्बन्धमा ।

४. कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा ।

५. आँबुखैरेनी गाउँपालिकाको उर्जा विकास उपसमिति गठन सम्बन्धमा ।

६. क्रसरहरु सम्बन्धमा ।

७. औषधि खरिद प्रक्रिया सम्बन्धमा ।

८. प्रोत्साहन भत्ता सम्बन्धमा ।

९. राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम सम्बन्धमा ।

१०. घुम्ती शिविर सञ्चालन सम्बन्धमा ।

११. योजनाहरु माग सम्बन्धमा ।

१२. योजना फरफारक सम्बन्धमा ।

१३. योजना कार्यक्रम सम्बन्धमा ।

१४. विपद व्यवस्थापन सम्बन्धमा ।

१५. कर्मचारी सेवा सुविधा सम्बन्धमा ।

१६. बोलपत्र आव्हान गर्ने सम्बन्धमा ।

१७. दाँत तथा मुख स्वास्थ्य शिविर सञ्चालन सम्बन्धमा ।

१८. विविध सम्बन्धमा ।

Scanned with CamScanner

**कार्यपालिका बैठक नं. ८ आ.व.२०८२- ०८३ (२०८२/११/२९) का निर्णयहरु :**

**१. समीक्षा सम्बन्धमा ।**

क) अघिल्लो कार्यपालिकाको बैठकबाट गरिएका निर्णयहरुको कार्यान्वयन सम्बन्धमा छलफल तथा समीक्षा गरियो ।

ख) यस आँबुखैरेनी गाउँपालिका अन्तर्गत वडा कार्यालयहरु, शाखाहरु,आँबुखैरेनी अस्पताल, स्वास्थ्य संस्थाहरुबाट पेश हुन आएको माघ महिनाको प्रगति प्रतिवेदनहरुउपर छलफल गरि गाउँपालिकाको वेभसाइट र प्रवक्तामार्फत सार्वजनिक गर्ने निर्णय गरियो ।

ग) प्रमुख प्रशासकिय अधिकृतले पेश गर्नुभएको कार्यालयको माघ महिनाको आम्दानी र खर्च प्रतिवेदन (सुत्र अनुसार) उपर छलफल गरि गाउँपालिकाको वेभसाइट र प्रवक्तामार्फत सार्वजनिक गर्ने निर्णय गरियो ।

**२. ठेक्काहरुको म्याद थप सम्बन्धमा ।**

विविध कारणवश हाल रुग्ण अवस्थामा रहेका देहाय बमोजिमका निर्माण आयोजनाहरुको म्याद मिति २०८३ साल वैशाख मशान्त सम्म निर्माण सम्पन्न गर्नका लागि म्याद थप गर्ने निर्णय गरीयो ।

**देहाय :**

| क्र. सं. | ठेक्का नं. | आयोजनाको नाम | म्याद सकिएको मिति | निर्माण व्यवसायी |
|---|---|---|---|---|
| १. | 8/NCB/RW/AKRM/2081.82 | समस्तीपुर गिराउनचौर सडक स्तरउन्नती आयोजना | २०८२/०७/३० | न्यौपाने कन्सट्रक्सन, नुवाकोट |
| २. | 9/NCB/RW/AKRM/2081.82 | हिलेखर्क सडक स्तरउन्नती आयोजना | २०८२/०७/३० | न्यौपाने कन्सट्रक्सन, नुवाकोट |
| ३. | AKRM/NCB/PWSP/WORKS/06/081/082 | पानीमुलटार सडक स्तरउन्नती आयोजना | २०८२/०४/३० | घाँसिकुवा निर्माण सेवा प्रा.लि., तनहुँ |

**३. सामुदायिक विद्यालयमा शिक्षा सुधार सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँपालिकाको सामुदायिक विद्यालयमा शिक्षा सुधार नीति तथा कार्यक्रम अर्न्तगत गाउँपालिका र Collaborative Schools Network को साझेदारीमा गाउँपालिका अर्न्तगतको अन्नपुर्ण आधारभुत विद्यालय तथा अकला आधारभुत विद्यालयमा व्यवस्थापन सहकार्य तथा रामशाह मा.वि., लक्ष्मी मा.वि., मित्रता मा.वि.तथा जलदेवी आ.वि.मा LEAP (Lesson Plan Expansion and Assessment Project) परियोजनाका लागि सम्झौता गरी कार्यक्रम अगाडि बढाउने निर्णय गरीयो ।

**४. कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँकार्यपालिकाको स्वीकृत नीति तथा कार्यक्रमहरु बमोजिमका योजना तथा कार्यक्रमहरु नियम संगत तथा व्यवस्थित तरिकाले सञ्चालन गर्नका लागि निर्माण गरी पालिकाको विद्यायन समितिबाट निर्णय भई स्वीकृतिको लागि पेश भएका तपशिल बमोजिमका कार्यविधिहरु उपर छलफल गरी उक्त ऐन, नियमावली तथा कार्यविधिहरु संविधानमा उल्लेखित स्थानीय सरकारको अधिकार भित्रका कार्यहरुसँग सम्बन्धित रहेको र यस्को निर्माण गर्दा संघीय र प्रदेश कानूनसँग प्रतिकूल नभएको, स्वच्छ न्यायपूर्ण तथा तर्कसङ्गत देखिएको, निर्माण गरिएको ऐन, नियमावली तथा कार्यविधिहरु व्यवहारिक रुपमा जनताको घरदैलोमा लागु भई कार्यान्वयन हुन सक्ने पाइएको तथा कार्यविधि कार्यान्वयनका लागि आवश्यक आर्थिक श्रोत तथा संस्थागत संरचनाको व्यवस्था भएको पाइएकोले तपशिलका ऐन, नियमावली तथा कार्यविधिहरु स्वीकृत गर्ने निर्णय गरियो ।

**तपशिल :**

क) आँबुखैरेनी गाउँपालिकाको उर्जा विकास उपसमिति गठन तथा सञ्चालन कार्यविधि, २०८२

Scanned with CamScanner

**५. आँबुखैरेनी गाउँपालिकाको उर्जा विकास उपसमिति गठन सम्बन्धमा ।**

आँबुखैरेनी गाउँकार्यपालिकाको स्वीकृत आँबुखैरेनी गाउँपालिकाको उर्जा विकास उपसमिति गठन तथा सञ्चालन कार्यविधि, २०८२ को परिच्छेद २ को दफा ३ बमोजिम देहायका पदाधिकारी रहने गरी उर्जा विकास उपसमिति गठन गर्ने निर्णय गरीयो ।

**देहाय :**

अध्यक्ष : सन्तोष गुरुङ (वडाअध्यक्ष- वडा नं. ५)
सदस्य : मिलन भुजेल (वडा अध्यक्ष-वडा नं. ४)
सदस्य : दिलिप गुरुङ (वडा अध्यक्ष-वडा नं. ६)
सदस्य : आस बहादुर गुरुङ (वडा अध्यक्ष-वडा नं. २)
सदस्य : दिनेश के.सि. (वडा अध्यक्ष-वडा नं. ३)
सदस्य : सुशिला वि.क. (कार्यपालिका सदस्य)
सदस्य : ईश्वर भण्डारी, ईन्जिनियर

**संरक्षक समिति**

श्री दुर्गा अर्याल - उपाध्यक्ष
श्री शर्मिला अधिकारी- प्रमुख प्रशासकिय अधिकृत
श्री प्रेम बहादुर गुरुङ - संयोजक, पूर्वाधार विकास समिति

**६. क्रसरहरु सम्बन्धमा ।**

जिल्ला प्रशासन कार्यालयको च.नं. , मिति २०८२/१०/०४ को क्रसर बन्दका लागि सिफारिस आएकोमा क्रसर सञ्चालन सम्वन्धी समस्या आँबुखैरेनी गाउँपालिकाको मात्र नभई समग्र तनहुँ जिल्लाभरिको रहेको हुँदा जिल्लाभरी रहेका क्रसरहरु सम्वन्धमा समान निर्णयका लागि जिल्ला प्रशासन कार्यालय तनहुँलाई अनुरोध गर्ने निर्णय गरीयो ।

**७. औषधि खरिद प्रक्रिया सम्बन्धमा ।**

आँबुखैरेनी गाउँपालिका तनहुँद्वारा सञ्चालित आँबुखैरेनी अस्पताल तथा पालिका मातहतका स्वास्थ्य सँस्थाहरुमा आवश्यक रहेका अत्यावश्यक रहेका औषधिहरुको खरिद प्रक्रिया अगाडि बढाउने निर्णय गरीयो ।

**८. प्रोत्साहन भत्ता सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँपालिका अर्न्तगतका क्षेत्रहरुमा प्राकृतिक श्रोत साधनहरुको अवैध विक्रि तथा निकासी रोकथामका लागि अवैध चोरी निकासीको जानकारी गाउँपालिकाको कार्यालयमा जानकारी गराएबापत जरिवाना शुल्कको २० प्रतिशत रकम उक्त कार्यमा खटिने प्रहरीलाई प्रोत्साहन स्वरुप उपलब्ध गराउने निर्णय गरीयो ।

**९. राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम सम्बन्धमा ।**

क) अघिल्लो कार्यपालिकाको बैठकबाट आँधिमुल तालको मर्मत र भुइँ ढलान योजनाको लागि जम्मा रु.३,००,०००/- विनियोजन गरीएकोमा उक्त रकम संशोधन गरी जम्मा रु.८०,०००/-मात्र विनियोजन गर्ने निर्णय गरीयो ।

ख) अघिल्लो कार्यपालिकाको बैठकबाट ठुलोढुङ्गा बाटो ढलान योजनाका लागि जम्मा रु.५,००,०००/- विनियोजन गरीएकोमा योजनाको नाम संशोधन गरी लाकपाके बर्थली ढलान योजना कायम गर्ने निर्णय गरीयो

ग) यस आँबुखैरेनी गाउँपालिका गाउँकार्यपालिकाको स्वीकृत राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम अर्न्तगत तपशिल बमोजिमको योजनाहरु सञ्चालन गर्ने निर्णय गरीयो ।

तपशिल :

| क्र.सं. | योजनाको नाम | विनियोजित रकम |
|---|---|---|
| १. | आँबुखैरेनी देखि छिम्केश्वरी सम्म जाने मोटरमार्गमा पुष्परोपण योजना | १,००,००० |

Scanned with CamScanner

**१०. घुम्ती शिविर सञ्चालन सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँकार्यपालिकाको स्वीकृत निति तथा कार्यक्रम अन्तंगत यहि मिति २०८२ चैत्र महिनाको ०८ गतेदेखि तपशिल बमोजिमको मिति र वडामा घुम्ती स्वास्थ्य शिविर सञ्चालन गर्ने निर्णय गरीयो । **तपशिल :**

| क्र.सं. | मिति | शिविर सञ्चालन हुने वडा |
|---|---|---|
| १. | २०८२/१२/०८ गते | वडा नं. ६ |
| २. | २०८२/१२/०९ गते | वडा नं. ५ |
| ३. | २०८२/१२/१० गते | वडा नं. ४, भाँगे |
| ४. | २०८२/१२/१५ गते | वडा नं. २ |
| ५. | २०८२/१२/१६ गते | वडा नं. १ |
| ६. | २०८२/१२/१७ गते | वडा नं. ४, आमडाँडा,प्युघर |

**११. योजना माग सम्बन्धमा ।**

प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५ बमोजिम गण्डकी प्रदेश सरकारद्धारा स्थानीय तहलाई प्रदान गरीने वित्तीय हस्तान्तरण अर्न्तगत आगामी आर्थिक वर्ष २०८३/०८४ को लागि विशेष र समपुरक अन्तर्गतका तपशिल बमोजिमका आयोजना प्रस्ताव पेश गर्ने निर्णय गरीयो ।

**तपशिल :**

**विशेष अनुदान :**

| क्र.सं | योजनाको नाम | कुल लागत | माग रकम | प्राथमिकता क्रम |
|---|---|---|---|---|
| १. | ग्रामिण भेगका सिमान्तकृत (चेपाङ, भुजेल) तथा आदिवासी जनजाती समुदायको उत्थानको लागि एकिकृत कृषि तथा पशुपंक्षी प्रवर्द्धन कार्यक्रम | ४० लाख | ४० लाख | पहिलो |

**समपुरक अनुदान :**

| क्र.सं | योजनाको नाम | कुल लागत | माग रकम | गाउँपालिकाले व्यहोर्ने | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|
| १. | सडक स्तरउन्नती आयोजना (वडा नं. २) | १,५०,००,०००/- | ६०,००,०००/- (कार्यविधी अनुरुप कुल लागतको४०%) | ९०,००,०००/- | पहिलो |

**१२. योजना फरफारक सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँपालिकाको कार्यालयसँग सम्झौता भई कार्यान्वयन भएका आयोजनाहरु सम्पन्न गर्नुपर्ने निर्धारित/तोकिएको म्यादभित्रै निर्माण सम्पन्न भई कार्य स्वीकार गरीएको भएतापनि जेन-जी आन्दोलन लगायत देशमा देखा परेका विषमा परिस्थितीहरुले गर्दा संघीय सरकार र प्रदेश सरकारवाट प्राप्त हुनुपर्ने निकासा कटौती भएको लगायतका विविध कारणहरुले गर्दा भुक्तानी गर्नका लागि प्रयाप्त स्रोतको अभाव हुन गई भुक्तानी गर्न नसकिएको हुँदा भुक्तानीका लागि स्रोत व्यवस्था भएकै बखत (भुक्तानीको समयसम्म ठेक्काका म्याद कायम नरहेको भएता पनि निर्धारित म्याद भित्रै निर्माण सम्पन्न भैसकेका सम्पुर्ण आयोजनाहरुको) प्राविधिक विल बमोजिमको VAT विजक सम्बन्धित निर्माण व्यवसायीबाट जारी गर्न लगाई उक्त आयोजनाहरुको भुक्तानी गरी यसै आर्थिक वर्ष २०८२/०८३ भित्र आर्थिक फरफारक गराउने निर्णय गरीयो ।

**१३. योजना कार्यक्रम सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँकार्यपालिकाको स्वीकृत नीति तथा कार्यक्रम बमोजिम गाउँपालिकाको धार्मिक, तथा पर्यटकीय क्षेत्र आँबुखैरेनी गाउँपालिका वडा नं. ५ स्थित छिम्केश्वरी मन्दिरमा लालीगुराँस फुलको सम्भाव्यता रहेकोले उक्त

Scanned with CamScanner

क्षेत्रमा लालीगुँरास प्रवर्द्धन गर्ने उद्देश्यका साथ उक्त क्षेत्रमा लालीगुँरासको बीरुवा रोप्ने प्रयोजनार्थ लालीगुँरासको बिरुवा खरिद तथा रोपण कार्यक्रमको लागि गाउँकार्यपालिकाको स्वीकृत **गाउँपालिका स्तरीय सौन्दर्य पुष्प तथा वृक्षारोपण खर्च** शिर्षकबाट भुक्तानी हुनेगरी जम्मा रु.४,००,०००/-(**अक्षररुपी चार लाख रुपैंया मात्र**।) विनियोजन गर्ने निर्णय गरीयो ।

**१४. विपद व्यवस्थापन सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँपालिका वडा नं. २ स्थित पौवा कुसुमबारी खानेपानी मुहानमा पहिरो आई पुरीएको हुँदा सो बाट करिब ४० घर परिवार खानेपानी सेवाबाट वञ्चित हुन पुगेकोले खानेपानी मुहान मर्मत, पहिरो सरसफाई गरी खानेपानी व्यवस्थापन प्रयोजानार्थ गाउँकार्यपालिकाको स्वीकृत विपद व्यवस्थापन खर्च शिर्षकबाट भुक्तानी हुनेगरी जम्मा रु.१,००,०००/-(अक्षररुपी एक लाख रुपैया मात्र।) बजेट विनियोजन गर्ने निर्णय गरीयो ।

**१५. सेवा सुविधा सम्बन्धमा ।**

क) यस आँबुखैरेनी गाउँपालिकाद्वारा सञ्चालित आँबुखैरेनी अस्पतालमा रिक्त रहेको MDGP चिकित्सक (नवौ तह) पदपुर्तिको लागि विज्ञापन माग गरिएको हुँदा सोहि बमोजिम व्यवस्थापन गरीने MDGP चिकित्सक (नवौ तह) लाई कामकाजका आधारमा तपशिल बमोजिमको सेवा सुविधा उपलब्ध गराउने निर्णय गरीयो ।

**तपशिल :**

| क्र.सं. | विवरण | सेवा सुविधा |
|---|---|---|
| १ | आधारभुत तलब | नेपाल सरकारको विशेषज्ञ चिकित्सक नवौ तह बराबर |
| २ | अतिरिक्त विशेषज्ञ भत्ता | सुचक अनुसारको न्यूनतम मापदण्ड पुरा गरेमा आधारभुत तलबको २०० प्रतिशत |
| सुचक | हुनपर्ने हाजिरी | अस्पताल खुलेको सबै दिन |
| | क्लिनिकल अडिट | विहान र साझको दिनको २ पटक वार्ड र इमर्न्जेन्सी राउण्ड लिने |
| | विस्तारित वहिरंग सेवा | विहान १० बजे देखि साझ ५ बजेसम्म वहिरंग सेवा प्रदान गर्ने |
| | निजी अभ्यास | आँबुखैरेनी अस्पताल भन्दा अन्यत्र निजी अभ्यास गर्न नहुने |
| | EMR को प्रयोग | विरामीको स्वास्थ्य जाँच सम्वन्धी अस्पतालको EMR को प्रयोग गर्ने |
| ३. | कार्यसम्पादनमा आधारित प्रोत्साहन | कार्यविवरण र सम्वन्धित कार्यको दरको अनुसार |
| | विवरण | दर |
| | USG | २५ प्रतिशत |
| | OPD | १० रुपैंया |
| | ECG | २० प्रतिशत |
| | Dressing | २० प्रतिशत |
| | OPD procedure | २५ प्रतिशत |
| | Major surgical procedure | ३० प्रतिशत |
| | Minor/Intermediate Surgical Procedure | २० प्रतिशत |
| | Emergency Surgical Service | ४० प्रतिशत |
| | ECHO | ३० प्रतिशत |
| | Dialysis pre cycle | pre cycle ७ प्रतिशत |
| | Night oncall | ५० प्रतिशत |
| | विदाको दिनमा काम गरेवापत | १०० प्रशित (सुरु तलब स्केलको १ दिन बरावरको रकम) |

**ख) आवास सुविधा सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँपालिकाद्वारा सञ्चालित आँबुखैरेनी अस्पतालमा कार्यरत MDGP चिकित्सक (नवौ तह) पदमा कार्यरत कर्मचारी डा.देवेन्द्र गौतमद्वारा कार्यबोझको आधारमा आवास सुविधा उपलब्ध गराउन भनि पेश

Scanned with CamScanner

भएको निवेदन उपर छलफल गरी गाउँकार्यपालिकाको स्वीकृत आवास सुविधा व्यवस्थापन कार्यविधि-२०८२ को दफा ४, अनुसुची २ बमोजिमको आवास सुविधा उपलब्ध गराउने निर्णय गरीयो ।

**१६. बोलपत्र आव्हान गर्ने सम्बन्धमा ।**

चालु आर्थिक वर्ष २०८२/०८३ मा नै स्रोत सुनिश्चतता गरिएको देहायका आयोजनाहरुको हार्डकपि बोलपत्र आव्हान गरी कार्यान्वयन प्रक्रिया अगाडि बढाउने निर्णय गरीयो ।

देहाय :

| क्र.सं. | आयोजनाको नाम | स्रोत सुनिश्चितता गरिएको रकम | कैफियत |
|---|---|---|---|
| १. | लाब्दी-छिम्केश्वरी कच्ची सडकमा ग्राभेलिङ कार्य | १७,००,००० | |
| २. | कोटगाउँ सडक स्तरोन्नती आयोजना | १९,९५,०००/- | |
| ३. | पौवा गाउँ जाने सडक स्तरोन्नती आयोजना | ३०,००,०००/- | |
| ४. | नयाँपुल सडक ढलान आयोजना वडा नं.२ र ३ | २३,२८,०००/- | |

**१७. दाँत तथा मुख स्वास्थ्य सम्बन्धि शिविर सञ्चालन सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँकार्यपालिकाको स्वीकृत नीति तथा कार्यक्रम बमोजिम गत वर्षझैं यस वर्ष पनि नेलम्वो नेपाल र यस आँबुखैरेनी गाउँपालिका तनहुँ संयुक्त लागत साझेदारीमा दाँत तथा मुख स्वास्थ्य सम्बन्धि शिविर सञ्चालन गर्ने निर्णय गरीयो । साथै उक्त कार्यक्रम बापत गाउँकार्यपालिकाको स्वीकृत विशेषज्ञ चिकित्सकीय सेवा कार्यक्रम बाट खर्च हुनेगरी जम्मा रु.१,५०,०००/-गाउँपालिकाले व्यहोर्ने र अन्य खर्चहरु सम्बन्धित संस्थाले नै व्यवस्थापन गर्ने निर्णय गरियो ।

**१८. विविध सम्बन्धमा ।**

**क) ज्यालादारीमा कर्मचारी व्यवस्थापन सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँपालिका कार्यालयमा कार्यालयको चापको कारण कार्यालय सरसफाईको कायम जनशक्तिले मात्र नभ्याएको हुँदा अर्को व्यवस्था नभईन्जेल सम्मको लागि आँबुखैरेनी गाउँपालिका वडा नं. ६ निवासी मनश्य कालिराजलाई मासिक रु.१८,०००/-(अक्षररुपी अठार हजार रुपैंया मात्र ।) पारिश्रमिक उपलब्ध गराउने गरी कार्यालय सहयोगी (दैनिक ज्यालादारी) पदमा कामकाज गराउने निर्णय गरीयो ।

Scanned with CamScanner